स्थानीय सरकार

# वीरगंज राजपत्र

वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ वीरगंज मंसिर २७ गते, २०७७ साल (संख्या ३)

**भाग - २**

वीरगंज महानगरपालिका

## छापा तथा अनलाईनका लागि लोककल्याणकारी विज्ञापन वितरण सम्वन्धी कार्यविधि २०७७

स्थानीय सरकार

# वीरगंज राजपत्र


वीरगंज महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ४ वीरगंज मंसिर २७ गते, २०७७ साल (संख्या ३)


## भाग - २

## वीरगंज महानगरपालिका

# छापा तथा अनलाईनका लागि लोककल्याणकारी विज्ञापन वितरण सम्वन्धी कार्यविधि २०७७

# छापा तथा अनलाईनका लागि लोककल्याणकारी विज्ञापन वितरण सम्वन्धी कार्यविधि २०७७

सम्पूर्ण नगरवासीको सुचना पाउने हकको सुनिश्चिता गर्दै आम नागरिकसम्म सूचना र समाचार पुर्याउनका साथै आमसंचार माध्यमको दिगो विकासमा टेवा पुर्याउन महानगर पालिकाले लोककल्याणकारी सुचना तथा विज्ञापन वितरण गर्ने नीति लिएको छ । प्रचलित कानुन अनुसार दर्ता भई वीरगंज महानगरपालिका भित्र संचालनमा आएका छापा तथा डिजिटल (अनलाईन) संचार माध्यमलाई समानुपातिक रुपमा विज्ञापन एवं लोककल्याणकारी सुचना उपलब्ध गराउने कार्यलाई निष्पक्ष, पारदर्शी र ब्यवस्थित गर्ने उदेश्यले वीरगंज महानगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **“छापा तथा अनलाईन संचार माध्यमका लागि विज्ञापन वितरण सम्वन्धि कार्यविधि“** २०७७ रहेको छ ।

(ख) यो कार्यविधि वीरगंज महानगरपालिकाको कार्यपालिका बैठकले निणर्य गरी महानगरपालिकाको प्रमुखले प्रमाणिकरण गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **“छापा संचार माध्यम”** भन्नाले नियमअनुसार पर्सा जिल्लाबाट दर्ता भई नियमित रुपमा प्रकाशित दैनिक, साप्ताहिक र पाक्षिक पत्रपत्रिकालाई बुझाउने छ

(ख) **“अनलाईन पत्रिका”** इन्टरनेटका माध्यमले प्रकाशित डिजिटल समाचार पोटललाई जनाउने छ ।

(ख) **“महानगर”** भन्नाले वीरगंज महानगरपालिका सम्झनु पर्दछ ।

(ग) **“कार्यपालिका”** भन्नाले वीरगंज महानगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(घ) **“प्रमुख”** भन्नाले वीरगंज महानगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(ङ) **“प्रमुख प्रशासकिय अधिकृत”** भन्नाले वीरगंज महानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) **“समिति”** भन्नाले प्रकाशन संपरीक्षण तथा अनुगमन समिति सम्झनु पर्दछ ।

(छ) **“लोककल्याणकारी विज्ञापन”** भन्नाले महानगरपालिकाले प्रकाशन गर्न दिएको चेतनमूलक एंव सूचनामूलक सामाग्री सम्झनु पर्दछ र यो शब्दले प्रकोपको अवस्थामा प्रकाशन गर्न दिएको सूचना वा सन्देशमूलक सामाग्रीलाई समेत जनाउँदछ ।

३. **प्रकाशन संपरिक्षण तथा अनुगमन समितिको गठन :** (१) पत्रपत्रिका र अनलाईन मिडियाको वर्गीकरण तथा अनुगमन गर्न देहाय वमोजिमको प्रकाशन संपरिक्षण समिति रहनेछ ।

(क) महानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत — संयोजक

(ख) प्रमुखले मनोनयन गर्ने विषय विज्ञ दुई जना — सदस्य

(ग) नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष वा प्रतिनिधी — सदस्य

(घ) आर्थिक प्रशासन महाशाखाका प्रमुख — सदस्य

(ङ) प्रशासन महाशाखाका प्रमुख — सदस्य सचिव

(२) समितिले बैठक सम्वन्धी कार्यविधि आफै निर्धारण गर्नेछ ।

(३) समितिको सचिवालयको काम महानगरपालिकाको सूचना शाखाले गर्नेछ ।

**४. संपरिक्षण समितिका काम, कर्तब्य र अधिकारहरु :** (१) समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लोककल्याणकारी विज्ञापनको आवेदन मागको सूचना जारी गर्ने।

(ख) प्राप्त आवेदनहरु छानविन गरी शर्त पुरा गरेका पत्रपत्रिका र अनलाईन पत्रिकालाई लोककल्याणकारी विज्ञापन प्रकाशनको कार्यादेश जारी गर्ने ।

(ग) प्रसारण गर्ने लोककल्याणकारी विज्ञापनको छनौट, प्रकाशन तालिका निर्धारण गर्ने ।

(घ) लोककल्याणकारी विज्ञापन वापतको रकमको वाडफाँड गर्ने ।

(ङ) समितिले निर्णय गरेका अन्य कामहरु ।

**५. सूचना प्रकाशन तथा फारम भर्ने :**

(क) समितिले लोककल्याणकारी विज्ञापन वितरण गर्न छापा र अनलाइन पत्रिकाको लागि न्यूनतम १५ दिनको समयावधि दिई सूचना दिईनेछ ।

(ख) उपदफा (१) बमोजिम सूचनामा उल्लेखित म्याद भित्र प्रकाशन संस्थाहरुले विज्ञापन प्रकाशन गर्न अनूसूची (१) बमोजिमको ढाँचामा फारम भरी महानगरपालिकामा दर्ता गर्नुपर्नेछ ।

(ग) म्याद भित्र दर्ता नभएका फारमलाई लोककल्याणकारीमा समावेश गरिने छैन ।

(घ) लोककल्याणकारी विज्ञापनका लागि भाग लिन चाहने पत्रपत्रिका र अनलाईनले सूचना शाखाबाट फारम लिन सक्ने छन वा महानगरपालिकाको वेवसाईडबाट डाउनलोड गर्न सकिने ।

(ङ) लोक कल्याणकारी विज्ञापनका लागि वर्गीकरणमा सहभागी हुने पत्रपत्रिका र अनलाईन  महानगर पालिकामा सूचिकृत हुनु पर्नेछ ।

## ६. लोककल्याणकारी सूचना तथा विज्ञापन सम्वन्धि ब्यवस्था :

छापा तथा अनलाईन सञ्चार माध्यम मार्फत प्रकाशन गर्नुपर्ने लोककल्याणकारी सूचना वा विज्ञापन सूचना शाखा मार्फत मात्र प्रकाशन वा प्रसारण गर्नुपर्नेछ । यस कार्यविधिमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो कार्यविधि लागू भएपछि महानगरपालिकाको कुनै पनि सूचना वा विज्ञापन प्रकाशन वा प्रसारण गर्न सूचना शाखाले जिम्मेवारी वहन गर्नेछ । तर देहायको सूचना वा विज्ञापनको हकमा यो कार्यविधि लागू हुने छैन,-

(क) सरोकारवाला व्यक्तिले खर्च व्यहोर्ने गरी हकदावी सम्वन्धि सूचना वा विज्ञापन ।

(ख) अन्तर्राष्ट्रिय सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण हुने सूचना वा विज्ञापन ।

(ग) पर्चा, होडिङ्गवोर्ड, ब्रोसर छपाई तथा सार्वजनिक गर्न ।

(घ) राष्ट्रिय, प्रादेशीक छापा तथा अनलाईन संचार माध्यममा प्रकाशन गर्नुपर्ने टेण्डर, कोटेशन र   सूचनाहरु ।

## ९. सूचना वा विज्ञापनको वर्गीकरण सम्बन्धी व्यवस्था :

(१) सूचना वा विज्ञापन देहायको आधारमा वर्गीकरण गरी सोही आधारमा विज्ञापनको दररेट  निर्धारण गरि तोकिएको संचार माध्यमलाई उपलब्ध गराईने छ :-

(क) सूचना वा विज्ञापनको प्रकृतिको आधारमा (लोककल्याणकारी सूचना वा विज्ञापन)

(ख) सूचना वा विज्ञापन प्रकाशित गर्नुपर्ने समयका आधारमा (नियमित वा आकस्मिक
विज्ञापन वा सूचना)

(ग) विज्ञापन प्रकाशित वा प्रसारित हुने क्षेत्रको आधारमा (राष्ट्रिय, प्रादेशीक र स्थानीय)

(घ) प्रचलित ऐन कानूनले राष्ट्रियस्तरका सञ्चार माध्यमबाट प्रकाशन वा प्रशारण गरिने भनी किटिएका सूचना वा विज्ञापन,

(ङ) कुनै खास क्षेत्र वा कुनै खास क्षेत्रमा बस्ने समुदायको लागि केन्द्रित लोककल्याणकारी सूचना ।

**१०. सञ्चार माध्यमको वर्गीकरण :**

(क) सूचना वा विज्ञापनको वितरण प्रत्येक सञ्चार माध्यमको वर्गीकरणको आधारमा समानुपातिक रुपमा गरिनेछ ।

(ख) सूचना वा विज्ञापन समानुपातिक रुपमा उपलब्ध गराउने प्रयोजनको लागि सञ्चार माध्यमको वर्गीकरण सो सञ्चार माध्यमको प्रकाशन संख्या र पहुँचको क्षेत्रको आधारमा गरिनेछ।

(ग) प्रेस काउन्सिल नेपालले गरेको सञ्चार माध्यमको वर्गीकरणलाई मुख्य आधार मानिने छ ।

**११. विज्ञापन उपलब्ध गराउने तरिका :**

वीरगंज महानगरपालिकाले आफ्नो सूचीमा राखेका सञ्चार माध्यमलाई सोही मापदण्ड बमोजिम सूचना वा विज्ञापन

समानुपातिक रुपमा उपलब्ध गराउनेछः-

(क) छापा सञ्चार माध्यमलाई प्रत्येक अंक वा तोकिएको अवधिको लागि पृष्ठ संख्या निश्चित गरी,

(ख) अनलाईन सञ्चार माध्यमको लागि त्यस्तो सञ्चार माध्यमको प्रभावकारीता मूल्यांकन तोकिएको अवधि निश्चित गर्ने ।

(ग) राष्ट्रिय र प्रादेशीक संचारमाध्यममा प्रकाशन गर्नुपर्ने सूचना वा विज्ञापनको महत्वलाई हेरी आलोपालो गरि सूचिकृतमा परेका सञ्चार माध्यमलाई प्राथमिकताका आधारमा विज्ञापन उपलब्ध गराईनेछ ।

(घ )सूचिकृतमा परेको सञ्चार माध्यमले नपाएसम्म अर्कोलाई पुन अवसर उपलब्ध गराईने छैन ।

(ङ) बर्गिकरणमा परेका भएपनि नियमित रुपमा प्रकाशन हुन नसकेका संचार माध्यमलाई सुचना वा विज्ञापन दिन वाध्य हुनेछैन ।

(च) कुन संचारमाध्यमलाई कस्तो सुचना वा विज्ञापन दिने भन्ने सम्वन्धमा महानगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

(छ) प्रेस काउन्सिलले वर्गिकरण गरेका पत्रपत्रिकालाई मात्र लोककल्याणकारी विज्ञापन पाउने छापा माध्यमको सूचिमा राखीनेछ ।

(ज) राष्ट्रिय स्तरका संचार मध्यममा प्रकाशित गर्ने सूचना विज्ञापन एजेन्सी वा स्थानीय संवाददाता मार्फत पठाउन सकिनेछ ।

## १२. सूचना वा विज्ञापनको दर :

(क) महानगरपालिकाले प्रत्येक सूचना वा विज्ञापनको लागि फरक फरक प्रकृति र वर्गीकरणका सञ्चार माध्यमहरुका बीचमा सूचना वा विज्ञापनको दर फरक फरक तोक्न सक्नेछ ।

(ख) वर्गिकरणमा परेका छापा तथा अनलाईन संचार माध्यममा उपलब्ध गराउने लोककल्याणकारी विज्ञापन वापतको दर, रेट प्रकाशन संपरिक्षण तथा अनुगमन समितिले तोक्ने छ ।

## १३. सञ्चार माध्यमहरुले पूरा गर्नुपर्ने शर्तहरु :

(१) यस कार्यविधि बमोजिम
सूचना वा विज्ञापन प्रकाशन वा प्रसारण गर्ने सञ्चार माध्यमले महानगरपालिकाले सञ्चार माध्यममा प्रकाशन वा प्रकाशनको लागि सार्वजनिक गरेका नीति, कार्यक्रम, प्रगति तथा दैवी प्रकोप सम्बन्धी वा आपतकालिन सूचनाहरु अनिवार्य रुपमा निशुल्क प्रकाशन गर्नु पर्नेछ ।

(२) देहायको शर्त पुरा भएको हुनु पर्नेछ :-

(क) महानगरपालिका भित्र दर्ता भएका दैनिक पत्रिकाहरु महानगरपालिका क्षेत्र भित्र पुगेको
हुनुपर्ने छ ।

(ख) वीरगंज महानगरपालिकामा तोकिएको समय भित्र सुचिकृत भएको हुनु पर्दछ ।

(ग) मुल्य अभिवृद्ध करको स्थायी वा अस्थायी प्रमाणपत्र लिएको हुनु पर्नेछ ।

(घ) कर चुक्ताको प्रमाणपत्र पेश गरेको हुनु पर्ने छ ।

**१४. संचार माध्यमको निरीक्षण सम्वन्धी व्यवस्था :**

(क) तोकिए बमोजिम लोककल्याणकारी विज्ञापन प्रकाशन भए नभएको सम्वन्धमा समितिले अनुगमन निरिक्षण गर्न सक्नेछ।

(ख) समितिले जुनसुकै समयमा पनि प्रकाशन संस्थाको निरीक्षण गर्न सक्नेछ । निरीक्षणको समयमा पत्रपत्रिकाको प्रकाशन र वितरणसँग सरोकार राख्ने कागजपत्र देखाउनु सम्वन्धित संस्थाको कर्तब्य हुनेछ ।

(ग) कुनै आवेदकले मूल्यांकनलाई प्रभाव पार्ने दृष्टिकोणले फारममा वास्तविकता भन्दा फरक विवरण उल्लेख गरेको कुरा निरीक्षण वा प्रकाशकको कार्यालयमा भएका अन्य विवरणबाट था हा हुन गई प्रमाणित भएमा समितिले लोककल्याणकारी विज्ञापन सहयोग बढीमा २ बर्षका लागि स्थगित गर्न सक्नेछ ।

(घ) प्रेस काउन्सिलले जारी गरेको पत्रकारीता सम्वन्धी आचार संहिता अनुसार संचार माध्यम संचालन भए नभएको विषयमा अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

(ङ) कुनै एक संस्थाले तीन पटक भन्दा बढी आचार संहिता उल्लंघन गरेमा लोककल्याणकारी विज्ञापनको लागि अयोग्य ठहरिनेछ ।

**१५. बजेट बाँडफाँड प्रक्रिया** : (१) छापा तथा अनलाईन माध्यमको लागि लोककल्याणकारी विज्ञापनको लागि छुट्टाइएको रकम देहाय वमोजिम बाँडफाँड गरिनेछ ।

(क) प्रशासनिक खर्च वापत १० प्रतिशत राखिनेछ ।

(ख) विज्ञापन प्रकाशनका लागि ९० प्रतिशत रकम छुट्टाइएको छ ।

(२) लोककल्याणकारी विज्ञापन वितरणको लागि संचार मध्यमको अभिलेख महानगरपालिकाको सूचना शाखाले राख्नेछ ।

(३) समितिको बैठक वसेको दिन पदाधिकारी तथा आमन्त्रितहरुलाई बैठक तथा अनुगमन भत्ता वापत महानगरपालिकाका कार्यपालिका सदस्यले पाउँने सरह सुविधा प्रदान गरिनेछ ।

(४) लोककल्याणकारी विज्ञापन सम्वन्धमा प्रभावकारिता तथा पृष्ठपोषणका सम्वन्धमा आवश्यकता अनुसार गोष्ठी, अन्तरक्रिया, अनुगमन र निरीक्षण जस्ता कार्यक्रम सञ्चालन गर्न सकिनेछ । सो कार्यक्रमको लागि आवश्यक पर्ने रकम यसै कार्यविधि अनुसार छुट्टाइएको प्रशासनिक खर्चबाट व्यवस्था गर्न सकिनेछ ।

**१६. भुक्तानी प्रकृया :**

(क) तोकिएको संचार माध्यमले लोककल्याणकारी सूचना वा विज्ञापन प्रकाशन भएको पत्रपत्रिका वा अनलाइन पत्रिका आवेदन सहित दिएपछि लोककल्याणकारी विज्ञापन प्रकाशनको रकम भुक्तानी महानगरपालिकाको आर्थिक प्रशासन महाशाखाबाट गरिनेछ ।

(ख) लोककल्याणकारी विज्ञापनको भुक्तानी हरेक तीन/तीन महिनाको अन्तरालमा वितरण गरिनेछ ।

(ग) लोककल्याणकारी विज्ञापन वाहेक टेण्डर वा कोटेशन दर भाउ प्रकाशन गर्नु परेमा सम्वन्धीत शाखाको कार्यादेश लिएर मात्र प्रकाशन गर्न सकिनेछ ।

**१७. वाधा अडकाउ फुकाउने :** यस कार्यविधि कार्यान्वयन गर्दा केही अप्ठारो पर्न गएमा प्रमुखले वाधा अडकाउ फुकाउन सक्नेछ ।

अनुसूचि (१)

## छापा तथा अनलाईन माध्यमका लागि लोक कल्याणकारी विज्ञापन प्रसारण गर्न दर्ता फारम ।

(१) पत्रपत्रिका तथा अनलाईन संचालन गर्ने संस्था वा कम्पनीको नाम :

(२) पत्रिका वा अनलाईनको नाम :

(३) ठेगाना :

(४) प्रकाशक /सम्पादक :

(५) छापा तथा अनलाईनमा कार्यरत संचारकर्मीको विवरण

| क्र.स | नाम | पद | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

(६) पत्रपत्रिका पुग्ने क्षेत्र वा अनलाइनको पाठक संख्या :

(७) दैनिक प्रकाशित पत्रिकाको संख्या :

(८) प्रकाशनको प्रकृति : कम्पनी/संस्था/सहकारी

(९) पालना गर्नुपर्ने शर्तहरु :

## लोक कल्याण्कारी विज्ञापन प्राप्त गर्नको लागि देहायका शर्तहरु पुरा गरेको हुनुपर्नेछ

(क) नेपालको संविधान र प्रचलित कानुनको पालना गरेको,

(ख) प्रत्येक वर्ष नवीकरण भएको,

(ग) आयकर PAN/VAT नम्वर र कर भुक्तानीको प्रमाण पेश गरेको,

(घ) लेखा परीक्षण प्रतिवेदन समावेश गरेको,

(ङ) आचार संहिता पालना गरेको,

(च) ३६५ दिनमा कम्तिमा पनि ३०० दिन प्रकाशन भएको,

संलग्न कागजपत्रहरु

१.

२.

३.

४.

हस्ताक्षर
नाम :
पद :
सम्पर्क नम्वर :
ईमेल :
संस्थाको छाप :
मिति :

नगर कार्यपालिकाबाट पारित मिति : २०७७/०७/२७

प्रमाणिकरण मिति : २०७७/०८/०४

प्रकाशन मिति : २०७७/०८/२७

आज्ञाले
प्रदीप कुमार निरौला
प्रमुख प्रशासकीय अधिकृत